नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

# तथ्याङ्क समन्वय कार्यालय, खोटाङ

(खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर)

पत्र संख्याः २०८१/०८२

मितिः २०८२/०७/१२
नेपाल संवतः ११४६

विषयः स्वतःप्रकाशन।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम तथ्याङ्क समन्वय कार्यालय, खोटाङबाट मिति २०८२ श्रावण १ देखि २०८२ असोज मसान्तसम्म सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरुको त्रैमासिक कार्य विवरण निम्नानुसार रहेको हुँदा सरोकारवालाको जानकारीको लागि सार्वजनिक गरिएको छ।

**१. कार्यालयको स्वरूप र प्रकृतिः**

तत्कालीन तथ्याङ्क ऐन, २०१५ र तथ्याङ्क नियमावली, २०४१ को व्यवस्थाअनुसार राष्ट्रिय योजना आयोगअन्तर्गतको केन्द्रीय तथ्याङ्क विभागको मातहतमा रही कार्य सम्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले ३३ वटा तथ्याङ्क कार्यालयहरू स्थापना भएका थिए। तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८० जारी भएपछि ती कार्यालयहरू खारेज गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरू स्थापना भए। तीमध्ये खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर गरी चार जिल्लालाई कार्यक्षेत्र बनाएर खोटाङ जिल्लामा तथ्याङ्क समन्वय कार्यालय स्थापना भएको छ। यो कार्यालयले आर्थिक वर्ष २०८१/०८२ देखि नियमित रूपमा दैनिक तथा प्रशासनिक कार्यहरू सञ्चालन गरिरहेको छ।

**२. तथ्याङ्क समन्वय कार्यालय, खोटाङको काम, कर्तव्य र अधिकारः**

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालनहुने आर्थिक, सामाजिक, जनसाङ्ख्यिक, कृषि, उद्योग, व्यापार, यातायात आदि क्षेत्रका तथ्याङ्क सङ्कलन, व्यवस्थापन र समन्वय गर्ने,
- राष्ट्रिय जनगणना राष्ट्रिय कृषिगणना, साना तथा ठुला उद्योग प्रष्टिठानहरुको सर्वेक्षण सञ्चालनमा सहयोग गर्ने,
- नेपाल तथ्याङ्कीय व्यावसायिक रजिष्टर निर्माण, राष्ट्रिय लेखा, मूल्य तथ्याङ्कसम्बन्धी नियमित कार्यक्रमको लागि त्रैमासिक तथा वार्षिक रुपमा तथ्याङ्क संकलन गर्ने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त तथ्याङ्क सम्बन्धी जानकारी र प्रकाशनहरूको प्रचार-प्रसार गर्ने,
- तथ्याङ्क लिन आउने सेवाग्राहीहरुलाई कार्यालयमा उपलब्ध भएको तथ्याङ्कहरु माग बमोजिम Soft Copy र Hard Copy समेत उपलब्ध गराउने,
- तालुक निकायको निर्देशनअनुसार अन्य कार्यहरु गर्ने।

**३. तथ्याङ्क समन्वय कार्यालय, खोटाङको कर्मचारी दरबन्दी विवरण तथा हालको अवस्था :**

यस कार्यालयको जम्मा स्वीकृत दरबन्दी १५ जना रहेको छ। हाल उक्त दरबन्दी मध्ये ९ कार्यरत तथा ६ रिक्त रहेको छ। जसलाई तालिकामा प्रस्तुत गरिन्छ ।


| क्र.सं. | पद | श्रेणी | जम्मा दरबन्दी | कार्यरत | रिक्त |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क समन्वय अधिकारी | रा.प.द्वितीय श्रेणी (प्रा.) | १ | १ | ० |
| २. | तथ्याङ्क अधिकृत | रा.प.तृतीय (प्रा.) | २ | २ | ० |
| ३. | सुपरिवेक्षक | रा.प.अनं. प्रथम (प्रा.) | ४ | १ | ३ |
| ३. | गणक | रा.प.अनं. द्वितीय (प्रा.) | ३ | ० | ३ |

| क.सं. | पद | श्रेणी | जम्मा दरबन्दी | कार्यरत | रिक्त |
|---|---|---|---|---|---|
| ५. | सह-लेखापाल | रा.प.अनं. द्वितीय (प्र.) | १ | १ | ० |
| ६. | कार्यालय सहयोगी | श्रेणीविहिन (प्र.) | २ | २ | ० |
| | | जम्मा:- | १५ | ९ | ६ |

## ४. तथ्याङ्क समन्वय कार्यालय, खोटाङबाट प्रदान गरिने सेवाः

कार्यालयका नियमित प्रशासनिक तथा तथ्याङ्क संकलनका कार्य संचालन गर्ने, कार्य क्षेत्रका जिल्लाहरुमा तथ्याङ्कीय सचेतना अभिवृद्धि गर्ने, तथ्याङ्कीय गतिविधिहरुमा आवश्यकता बमोजिम समन्वय गर्ने, तथ्याङ्क लिन तथा तथ्याङ्कमा चासो राखे सेवाग्राहीहरुको मागबमोजिम सेवा प्रदान गर्ने, तथ्याङ्क लिन आउने सेवाग्राहीहरुलाई कार्यालयमा उपलब्ध भएका तथ्याङ्कहरु माग बमोजिम Soft Copy र Hard Copy समेत उपलब्ध गराउने।

## नागरिक वडापत्र




## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार व्यक्तिः

| | |
|---|---|
| कार्यालय प्रमुख तथा गुनासो सुन्ने अधिकारी | : तथ्यांक समन्वय अधिकारी श्री विकाश मल्ल |
| प्राविधिक शाखा प्रमुख | : तथ्यांक अधिकृत श्री विमल कुमार यादव |
| प्रशासन शाखा प्रमुख | : तथ्यांक अधिकृत श्री सन्तोष कोइराला |
| सूचना अधिकारी | : सुपरिवेक्षक श्री सुवाश राई |

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः

कार्यालयबाट तथ्याङ्क प्राप्त गर्न चाहने व्यक्ति, संघ—संस्था तथा कार्यालयहरूलाई सम्बन्धित ऐन तथा नियमावलीमा व्यवस्था भएअनुसार सेवा निःशुल्क वा तोकिएको शुल्कबमोजिम प्रदान गरिन्छ। सेवाग्राहीले माग गरेका तथ्याङ्कहरू कार्यालयमा तत्काल उपलब्ध भएमा यथाशीघ्र प्रदान गरिन्छ, र यदि सो तथ्याङ्क तत्काल उपलब्ध नभएमा सो सम्बन्धमा राष्ट्रिय तथ्याङ्क कार्यालयमा जानकारी दिई यथासम्भव चाँडो उपलब्ध गराउने व्यवस्था मिलाइन्छ। यस प्रक्रियाबाट सेवाग्राहीहरूको सूचनामा पहुँच सहज, पारदर्शी र उत्तरदायी हुने अपेक्षा गरिएको छ।

विकाश मल्ल
तथ्याङ्क समन्वय अधिकारी

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारः

गराइनेछ। यदि सेवाग्राहीबाट सेवा सम्बन्धी कुनै उजुरी वा गुनासो प्राप्त भएमा सोको सुनुवाइ तोकिएको गुनासो सुन्ने अधिकारीमार्फत गरिनेछ र आवश्यक निर्णय कार्यालय प्रमुखको निर्देशनअनुसार हुनेछ। साथै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र नागरिकमैत्री वातावरण कायम राख्न कार्यालय प्रतिबद्ध रहने छ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

- कार्यालय प्रमुख तथ्यांक समन्वय अधिकारी श्री विकाश मल्ल।

**९. तथ्याङ्क समन्वय कार्यालय, खोटाङले सम्पादन गरेको कामको विवरणः**

तथ्याङ्क समन्वय कार्यालय, खोटाङले आफ्नो कार्यक्षेत्रभित्र पर्ने खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु र भोजपुर जिल्लामा विभिन्न तथ्याङ्कीय गतिविधिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्दै निम्न प्रमुख कार्यहरू सम्पन्न गरिएको छः

- स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम
- त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण
- वार्षिक प्रगति प्रतिवेदन विधुतिय प्रति तयरी तथा छलफल
- नेपाल व्यवसायिक तरकारी वालि सर्वेक्षणको सूचिकरण तथा अनुगमन
- स्थल यातायात सर्वेक्षण २०८२ सूचीकरण ताथ अनुगमन
- नीजि स्वास्थ सर्वेक्षण सूचीकरण ताथ अनुगमन
- निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य
- कृषि क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन तथा सुपरिवेक्षण कार्य
- तथ्याङ्क उत्पादन सम्बन्धी विभिन्न कार्यहरु

**१०. गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारीः**

गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारी : सुपरिवेक्षक श्री सुवाश राई।

**११. ऐन, नियम र निर्देशिकाको सूचीः यस कार्यालयले मुख्यतः कार्यालयका कार्य संचालनमा आधारित प्रमुख ऐन, नियम र निर्देशिका**

**तथ्याङ्क ऐन, २०७९**

नेपालको आधिकारिक तथ्याङ्क प्रणालीलाई कानुनी रूपले आधार प्रदान गर्ने प्रमुख ऐन।

**तथ्याङ्क नियमावली, २०८०**

तथ्याङ्क ऐनको कार्यान्वयन सुनिश्चित गर्न बनेको विस्तृत कार्यविधि नियमावली।

**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६**

सार्वजनिक कोषको पारदर्शिता, जवाफदेहिता र खर्चको अनुशासन कायम गर्ने कानुनी आधार।

**आर्थिक कार्यविधि नियमावली, २०७७**

बजेट व्यवस्थापन, लेखापरिक्षण, खर्च व्यवस्थापनलगायत वित्तीय कार्यहरूलाई स्पष्ट गर्ने नियमावली।

**सार्वजनिक खरिद ऐन, २०६३**

सरकारी खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धात्मक र निष्पक्ष बनाउने कानुनी ढाँचा।

**सार्वजनिक खरिद नियमावली, २०६४**

खरिद प्रक्रियाका विस्तृत चरणहरू, प्रक्रिया र मापदण्डहरू निर्धारण गर्ने निर्देशिका।

**भ्रमण खर्च नियमावली, २०६४ (संशोधित)**

सरकारी कर्मचारीको आन्तरिक तथा बाह्य भ्रमणमा लाग्ने खर्चको निर्धारण, स्वीकृति तथा भुक्तानी सम्बन्धी नियम।

**निजामती सेवा ऐन, २०४९**

निजामती सेवा ऐनको कार्यान्वयन सुनिश्चित गर्ने विस्तृत नियमावली।

**१२. आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरणः**

तथ्याङ्क समन्वय कार्यालय, खोटाङको अख्तियारी तथा तेस्रो त्रैमासिकको खर्चको विवरणः

| शिर्षक/प्रकार | अन्तिम बजेट रु. | रोक्का बजेट | खर्च | प्रगति |
|---|---|---|---|---|
| चालु/३०१०८०१२३ | १६५४६०००.०० | ००.०० | २८९५५१४.८४ | १७.५० % |
| पुंजीगत/३०१०८०१२४ | ११६४०००.०० | ००.०० | ८४०१२०.०० | ७३.३१% |

**१३. तोकिए बमोजिम सम्पन्न गरिएका अन्य प्रगति विवरणः**

तथ्याङ्क उत्पादन तथा वितरण सम्बन्धी विभिन्न कार्यहरु गरिएको ।

**१४. अघिल्लो आर्थिक वर्षमा कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरणः**

दिक्तेल रुपाकोट मझुवागडी नगरपालिकामा, वालश्रम सर्वेक्षण गरिएको ।

**१५. कार्यालयको फोन नम्बर, वेभसाइट तथा फेसबूक सम्बन्धी विवरणः**

कार्यालयको फोन नं: ०३६५९०१०४

कार्यालयको वेभसाइटः www.scokhotang.nsonepal.gov.np,

फेसबूक एकाउण्ट (https://www.facebook.com/SCO.Khotang) रहेको छ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** कार्यालयले वैदेशिक सहायता, ऋण, अनुदान वा प्राविधिक सहयोग प्राप्त गरेको छैन।

**१७. कार्यालयले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**

कार्यालयले पुंजीगत तर्फ ७३.३१% भौतिक प्रगति हासिल गरेको छ भने, चालु कार्यक्रम अन्तर्गत प्रगति १७.५० % गरेको छ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**

कर्यालयले सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार गर्दै सूचनालाई गोप्य, संवेदनशील वा खुला गरी वर्गीकरण गरेको छ। गोप्य सूचनामा राष्ट्रिय सुरक्षा, अपराध अनुसन्धान, आर्थिक हित वा व्यक्तिगत गोपनीयतामा असर पार्ने विषय समावेश छन्। यीनीहरुको संरक्षण समयावधि सूचनाको प्रकृतिअनुसार १०-३० वर्ष वा स्थायी पनि छन् साथै प्रत्यक दुई वर्षमा पुनरावलोकन गर्ने व्यवस्था गरिएको छ। कार्यालयले सूचनाको नामावली (शीर्षक, प्रकृति, वर्गीकरण, संरक्षण अवधि) तयार गरी वेबसाइट वा सूचना बोर्डमार्फत प्रकाशन गर्ने व्यवस्था छ। नागरिकलाई सूचना सहज उपलब्ध गराउनु र पारदर्शिता कायम गर्नु कार्यालयको दायित्व हो।

**१९. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः**

विभिन्न गणना तथा सर्वेक्षण तथा तथ्याङ्कीय गतिविधिसम्बन्धी माग भएका विवरण उपलब्ध गराइएको।

**२०. कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः**

तथ्याङ्क सम्बन्धी सूचनाहरु राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाडौंबाट प्रकाशन हुने। राष्ट्रिय तथ्याङ्क